# नारायणी डेभलपमेन्ट बैंक लिमिटेड
## शाखा कार्यालय नारायणगढ, चितवनका

# तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/११/२४ गते बिहिबार आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा,व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०४/०३ गते बुधबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा मिति **२०८०/०५/२६ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा कर्जा **चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना** गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको केन्द्रिय कार्यालय टाँडी वा शाखा कार्यालय, नारायणगढ चितवनमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रिय कार्यालय रत्ननगर-०१ टाँडी चितवनको बैठक हलमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः-**

**ऋणीः** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ मो उपदफा १ बमोजिम मिति २०७७/०७/१६ मा दर्ता भई दर्ता नं. २४६२८८/०७७/०७८ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर चितवनबाट मिति २०७७/०७/१६ (मु.अ.कर दर्ता मिति २०७७/०७/१६) मा ६०९८४०८५० नं. को स्थायीी लेखा दर्ता प्रमाण पत्र कायम भएको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.०९ स्थित रजिर्ष्टड ठेगाना रहेको **जुनेली एग्रो प्रा.लि.(प्रमोटरः हिमकला गैरे (तिवारी)।**

| जमानतकर्ता तथा प्रमोटर/डाईरेक्टर | जमानतकर्ताः |
|---|---|
| **नामः हिमकला गैरे (तिवारी)** (ना.प्र.नं. ३५-०१-७२-०५९९५ जारी मिति २०७२/०६/०५, जि.प्र.का., चितवन)<br>स्थायी ठेगाना : भरतपुर उ.म.न.पा वडा नं.०८, चितवन<br>हालको ठेगानाः भरतपुर महानगरपालिका वडा नं.०९, चितवन<br>श्रीमान : शिव प्रसाद तिवारी<br>ससुरा : प्रजापति तिवारी | **नामः शिव प्रसाद तिवारी** (ना.प्र.नं. :१४५४, जारी मिति २०४३/०२/२० जि.प्र.का. चितवन)<br>स्थायी ठेगाना : भरतपुर गा.वि.स. वडा नं.०८, चितवन<br>हालको ठेगानाः भरतपुर महानगरपालिका वडा नं.०९, चितवन<br>बाबु : प्रजापति तिवारी<br>बाजे : देबीभक्त तिवारी |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

**हिमकला गैरे (तिवारी)** को नाममा मालपोत कार्यालय भरतपुर चितवनमामा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला पिठुवा गा.वि.स.साविक ३ ख, (हाल रत्ननगर न.पा. वडा नं.१४) नक्सा सिट नं. ३ख स्थित कित्ता नं.६५९ को क्षेत्रफल ६७७.२६ व.मी भएको घर/जग्गा तथा सो मा रहेको लिगलगापात समेत। र चितवन, जिल्ला साविक पिठुवा गा.बि.स वडा नं. ६, हाल रत्ननगर न.पा वडा नं.३ नक्सा सिट नं.६ स्थित कि.नं.२२८८ को क्षेत्रफल ३३८.६३ व. मि. भएको घर/जग्गा तथा सो मा रहेको लिगलगापात समेत।

**सम्पूर्ण गोश्वारा पत्र (Hypothecation) तथा मौज्दात (Stock) / करार सम्पति (Leasehold Asset)**

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय रत्ननगर, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय नारायणगढ, चितवन बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, रत्ननगर, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय नारायणगढ, चितवनमा सम्पर्क राख्न सकिनेछ।


नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np